नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरबार, काठमाडौं

फोन नं.: ०१-४२००२८३
फ्याक्स : ०१-४२००३३६
ईमेलः municipal@mld.gov.np

प.सं. २०७२/०७३
च.नं. ५-१-१४६

मिति : २०७२/१०/१३

**विषय : स्थापना दिवस मनाउने सम्बन्धमा ।**

**श्री काठमाडौं महानगरपालिका कार्यालय,**
**श्री उपमहानगरपालिका कार्यालय, १२**
**श्री नगरपालिका कार्यालय, २०४ ।**

नेपाल सरकारले मापदण्ड पुगेका क्षेत्रहरुलाई नगर क्षेत्र निर्धारण तथा सिफारिस समितिको सिफारिसमा नगरपालिका घोषणा गर्दै आएको छ । नेपाल सरकारबाट पछिल्लो पटक घोषणा भएका २६ नगरपालिका सहित अहिले देशमा १ महानगरपालिका, १२ उपमहानगरपालिका र २०४ नगरपालिका गरी कूल २१७ नगरपालिकाहरु रहेका छन् । नगरपालिका गठन हुनु विकासको एउटा महत्वपूर्ण सुरुवात हो । नगरपालिका क्षेत्रमा सिर्जना हुने आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक अवसरबाट नगरवासीहरु लाभान्वित हुने हुँदा नगरपालिका स्थापना भएको दिन नगरवासीका लागि गौरवको दिन हो । नगरपालिकाको गरिमा र महत्वलाई नगरवासी समक्ष सन्देश सहित पुर्‍याउने माध्यम स्थापना दिवस पनि भएको हुँदा स्थापना दिवस भव्यताका साथ मनाउने सम्बन्धमा तपसील बमोजिम गर्न सबै नगरपालिकाहरुलाई निर्देशन दिने मिति २०७२।१०।११ को नेपाल सरकार (मा.उप्रधानमन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ ।

**तपसीलः**

१. नगरपालिका घोषणा भएको मिति नगरपालिकाका लागि ऐतिहासिक दिन भएकोले उक्त दिनलाई नगरपालिकाले नगरपालिकाका स्थापना दिवस मानी भव्यताका साथ मनाउने । त्यसका लागि नगरपालिका प्रमुखको संयोजकत्वमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, स्थानीय सरकारी कार्यालयहरु, संघ संस्थाहरु, टोलविकास संस्थाहरु, विभिन्न व्यापारिक संघ संस्थाहरु, राजनैतिक दल आदि सहितको सर्वपक्षीय, सर्वदलीय मूल समारोह समिति गठन गरी कार्यक्रम तय गर्ने ।
२. मूल समारोह समितिबाट निर्णय गराई तल उल्लेखित वा मूल समारोह समितिले उपयुक्त ठानेका यस्तै खालका अन्य कार्यक्रमहरु तय गरी स्थापना दिवस भव्यताका साथ मनाउने ।
   - उक्त दिन विहान नगरस्तरीय सरसफाई कार्यक्रम तथा साँझ घर घरमा दिपावली गर्न नगरवासी अनुरोध गर्ने ।
   - उद्योग वाणिज्य संघ संगको सहकार्यमा नगरपालिका केन्द्रमा व्यापार मेला आयोजना गर्ने ।
   - स्थानीय कला, संस्कृति झल्कने गरी साँस्कृतिक कार्यक्रम आयोजना गर्ने ।
   - एक नगर एक वस्तुको घोषणा गर्ने ।

१०/१३
.....................
केशवराज पार्धे
शाखा अधिकृत

**बोधार्थः**
श्री सुचना तथा विद्युतीय शासन शाखाः यस पत्रलाई मन्त्रालयको वेभ साइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।